# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, भदौ ६ गते २०५९ साल (पूर्वातिरिक्ताङ्क ४० (क)

## भाग ३

श्री ५ को सरकार

### महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सूचना

श्री ५ को सरकारले खण्ड ५१ पूर्वातिरिक्ताङ्क ७२, मिति २०५८ फागुन २३ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको प्रकरण ४ पछि देहायका प्रकरण ४क., ४ख., ४ग., ४घ. र ४ङ थप्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

"४क. अध्यक्षको काम, कर्तव्य र अधिकारः अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगको बैठकको अध्यक्षता गर्ने,

(ख) आयोगले गरेका निर्णयहरू प्रमाणित गर्ने र कार्यान्वयन गर्ने गराउने,

(ग) आयोगमा भएका सबै किसिमका काम कारवाहीहरू प्रति आयोग प्रमुखको रूपमा जिम्मेवार रहने,

(घ) आयोगले तोकेका अन्य काम गर्ने ।

४ख. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै काम गर्ने,

(ख) आयोगले तोकेका अन्य काम गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४ग. सदस्यको काम, कर्तव्य र अधिकारः सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोगले सञ्चालन गर्ने कार्यक्रमहरू कार्यान्वयनको लागि अध्यक्ष-को निर्देशनको परिधिभित्र रही काम गर्ने,

(ख) आयोगले तोकेका अन्य काम गर्ने ।

४घ. सदस्य-सचिवको काम, कर्तव्य र अधिकारः सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोगको दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने,

(ख) अध्यक्षको निर्देशन अनुसार आयोगको बैठक बोलाउने,

(ग) आयोगको निर्णय प्रमाणित गर्ने, गराउने र सम्बन्धित निकाय वा पदाधिकारी समक्ष पठाउने,

(घ) अल्पलीकान र दीर्घकालीन कार्यक्रम तर्जुमा गरी आयोगको बैठकमा पेश गर्ने,

(ङ) आयोगले तोकेका अन्य काम गर्ने ।

४ङ. अधिकार प्रत्यायोजनः आयोगले आफूलाई प्राप्त अधिकारहरू मध्ये केही अधिकार समिति, उपसमिति, कार्यदल, अध्यक्ष, उपाध्यक्ष, सदस्य, सदस्य-सचिव वा आयोगका अधिकृत स्तरका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।''

आज्ञाले,

विजयराज भट्टराई

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

COC